ब्रह्मपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही
Brahmapuri Rural Municipality
Office of Rural Municipal Executive
Brahmapuri, Sarlahi

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. (Letter No.): २०८२/०८३
च.नं. (Ref. No.): ९८३ ८

मितिः २०८३।०२।२६

**विषय : चालु आर्थिक वर्षको भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा।**

श्री विषयगत शाखाहरू सबै,
श्री वडा कार्यालयहरू (१-७) सबै,
श्री निर्माण व्यवसायीहरू सबै,
श्री उपभोक्ता समितिहरू सबै,
श्री सरोकारवालाहरू सबै।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३०) को उपनियम (७) अनुसार स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगाडी भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। देशभरका ७५३ वटै स्थानीय तहबाट धेरै ठुलो मात्रामा आर्थिक वर्षको अन्त्यमा लेखाङ्कन/भुक्तानीको कार्य हुने हुँदा स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) सफ्टवेयरको सर्भर डाउन हुने, सिस्टम नचल्ने तथा EFT फेल हुने लगायतका विभिन्न समस्या आउने भएकाले यस ब्रह्मपुरी गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/८३ मा भुक्तानी लिने व्यक्ति, फर्म, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवाला सम्पूर्णले भुक्तानीको लागि देहाय बमोजिमको मिति सम्म यस कार्यालयको आर्थिक प्रशासन शाखामा कागजात पेस गर्नु पर्नेछ। तोकिएको समयभित्र भुक्तानीका लागि आवश्यक कागजातहरु सहित पेश नगरी भुक्तानी हुन नसकेमा भुक्तानी प्राप्त गर्ने व्यक्ति, फर्म, संस्था, उपभोक्ता समिति, व्यवसायि लगायत सरोकारवालाहरु स्वयं जिम्मेवार हुनु पर्ने बेहोरा समेत जानकारी गरिन्छ।।

**भुक्तानीका लागि कागजात पेस गर्ने समयावधिः**

| | |
|---|---|
| गाउँपालिका र संघीय सरकारबाट हस्तान्तरित चालु बजेट/कार्यक्रम तर्फ | मितिः २०८३।०३।१५ गते |
| गाउँपालिका, संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित पूजिगत बजेट/कार्यक्रम तर्फ (सशर्त, समपूरक र विशेष अनुदान तर्फ) | मितिः २०८३।०३।२० गते |

२०८३।०२।२६

अनिल कुमार दास
लेखा सहायक पाँचौ

धनन्जय प्रसाद दास
प्रमुख प्रशासकिय अधिकृत

धनन्जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

Email:brahmpuri.g.p.sarlahi@gmail.com mobile no : 9854044037 URL:- www.brahmapurimun.gov.np